

# ई बुलेटिन

त्रैमासिक

आ.ब. ०८२।८३ अङ्क ३ (२०८३, असार)

## सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबार

**संरक्षक**

राजेन्द्र कुमार पौडेल,
सचिव

**प्रकाशन समिति संयोजक**

उदय बहादुर रानामगर,
सहसचिव

**सल्लाहकार**

रविलाल शर्मा,
सहसचिव

गौरव गिरी,
सहसचिव

अनिल कुमार दत्त,
सहसचिव

**सदस्यहरु**

रविन्द्र प्रसाद पौड्याल, उपसचिव

ठानेश्वर पराजुली, शाखा अधिकृत

**सदस्य सचिव**

केशव प्रसाद अर्याल, शाखा अधिकृत

**नायव सुव्वा**

भवानी खकुरेल

## आकर्षण

सूचना तथा सञ्चार मन्त्रालयको स्वरुप र प्रकृति ~~~~~~~~~~~~ १





मन्त्रालय अन्तर्गतका निकायको गतिविधि ~~~~~~~~~~~~~~२

हुलाक सेवा विभाग ~~~~~~९

सूचना तथा प्रसारण विभाग~ १०






चलचित्र विकास वोर्ड ~~~~~१३

विज्ञापन वोर्ड ~~~~~~~~~~~~१९






राष्ट्रिय समाचार समिति~~~~२२

नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

सिंहदरबार, काठमाडौं


# इ-वुलेटिन
# (E-Bulliten)

आर्थिक वर्ष २०८२/८३

अन्तिम चौमासिक (२०८३, साउन)

मन्त्रालयसम्बद्ध अद्यावधिक विवरण


फोनः ०१-४२११५५६, इमेलः info@mocit.gov.np

# बुलेटिनमा समावेश गरिएका विषयवस्तुहरू


**सूचना तथा सञ्चार मन्त्रालयको स्वरूप र प्रकृति** ........ १

मन्त्रालयको काम कर्तव्य र अधिकार ........ २

मन्त्रालयबाट सम्पादन भएका कामको विवरण ........ २

शिष्टाचार भेटवार्ता ........ ७

दूरसञ्चार क्षेत्रमा भएको प्रगती ........ ७

सूचना प्रविधि विभागबाट दृष्टिविहीन प्रयोगकर्तामैत्री वेवसाइटको सुरुवात ........ ८

**हुलाक सेवा विभागको प्रगती विवरण** ........ ९

E-commerce सम्बन्धी जनचेतनामूलक कार्यक्रमः ........ १०

स्मार्ट हुलाक कार्यक्रमः ........ ११

**सूचना तथा प्रसारण विभागको प्रगती विवरण** ........ १२

**चलचित्र विकास वोर्डको प्रगति विवरण** ........ १३

राष्ट्रिय एवं विशेष चलचित्र पुरस्कार एवं सम्मान समारोह ........ १३

चलचित्र विकास बोर्डको रजत वर्ष एवं २६ औं वार्षिकोत्सव ........ १४

फोटो पत्रकारिता तालिम कार्यक्रम ........ १५

अन्य गतिविधिः ........ ३१६

**विज्ञापन बोर्डको प्रगती विवरण** ........ १९

विज्ञापन सामग्री प्रसारण अनुमति ........ २१

**राष्ट्रिय समाचार समितिको प्रगती विवरण** ........ २२

# सूचना तथा सञ्चार मन्त्रालयको स्वरूप र प्रकृति

सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तारका लागि सञ्चार मन्त्रालयको स्थापना वि.सं. २०२८ साल साउन १ गते भएको हो। एन्.एम.वुचको अध्यक्षतामा गठित प्रशासन सुधार आयोगको प्रतिवेदन २००९ मा निर्माण र सञ्चार मन्त्रालय स्थापना गर्न सुझाव दिए अनुरूप मन्त्रालयको स्थापना भएको देखिन्छ। नेपाल सरकारको कार्य विभाजन नियमावली, २०२४ ले सूचना तथा प्रसार मन्त्रालयको व्यवस्था गरेको थियो भने सञ्चारलाई यातायात, सञ्चार र जलविद्युत मन्त्रालयमा राखेको थियो। प्रशासन सुधार आयोग, २०२५ ले सूचना र प्रसारण क्षेत्रलाई गृह, पञ्चायत तथा सूचना प्रसार मन्त्रालय बनाउन सिफारिस गरेको थियो।त्यसैगरी वि.सं. २०२६ सालमा निर्माण, सञ्चार र यातायात मन्त्रालय स्थापना भएको देखिन्छ। वि.सं. २०२८ सालमा छुट्टै सञ्चार मन्त्रालय स्थापना भएकोमा प्रशासन सुधार आयोग, २०४८ को सिफारिस बमोजिम तत्कालिन सञ्चार मन्त्रालयलाई सूचना तथा सञ्चार मन्त्रालयमा परिवर्तन गरिएको थियो। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम साविक सूचना तथा सञ्चार मन्त्रालयमा सूचना प्रविधि क्षेत्र समेत थप गरी मन्त्रालयको नाम सूचना तथा सञ्चार मन्त्रालय कायम रहेकोमा नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार मिति २०८३ वैशाख ३० गतेको राजपत्रमा प्रकाशित नेपाल सरकार कार्यविभाजन नियमावली अनुसार यस मन्त्रालयको नाम सूचना तथा सञ्चार कायम रहेको छ ।

**क) मन्त्रालयको दीर्घकालीन सोच**

सञ्चार तथा सूचनाको क्षेत्रमा विकसित नविन प्रविधिहरूको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने।

**ख) मन्त्रालयको क्षेत्रगत सोच**

**आम सञ्चारः**

संविधान प्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हक कार्यान्वयन गर्दै नागरिकमा सूचनाको पहूँच विस्तार गर्ने।

**दूरसञ्चारः**

दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नवीनतम प्रविधिको प्रयोग गरी देशभर सर्भसुलभ रुपमा भरपर्दो गुणस्तरीय सेवा उपलब्ध गराई रोजगारी सृजना र उद्यमशीलता विकासमा जोड दिने।

**हुलाक सेवा :**

हुलाक सेवालाई व्यवसायिक, प्रतिस्पर्धी, विश्वासनीय र आत्मनिर्भर बनाउने ।

**चलचित्र :**

नेपाली चलचित्र क्षेत्र लाई उद्योगको रुपमा विकास गरी नेपालको राष्ट्रियता प्रवर्धन गर्न देशको आर्थिक वृद्धिमा योगदान बढाउदै जाने ।

**विज्ञापन क्षेत्रः**

मुलुकको अर्थतन्त्रलाई सबल बनाउन विज्ञापन क्षेत्रलाई एउटा मुख्य संवाहकको रूपमा स्वीकार विज्ञापन बजारलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउने लक्ष्य सहित फेसबुक र टिकटकलगायत डिजिटल प्लेटफर्मका विज्ञापनमा एकरुपता ल्याउन, स्वदेशी वस्तुको प्रवर्द्धन गर्न तथा भ्रामक र अवाञ्छित विज्ञापनलाई नियमन, नियन्त्रण गर्ने, विज्ञापन बजारलाई थप व्यवस्थित बनाउदै जाने।

**सुरक्षण मुद्रण :**

राहदानी, हुलाक, टिकट, आन्तशुल्क, स्टिकर, चेकबुकम, स्मार्ट कार्ड, बैंक नोट जस्ता सुरक्षण कागजातहरू देश भित्रै मुद्रण गर्न सुरक्षण मुद्रण स्थापना गरी संचालन गर्ने ।

## मन्त्रालयको काम कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा नेपाल सरकार(कार्य विभाजन) नियमावली २०८३** (राजपत्रमा प्रकाशित मिति २०८३/१/३०) अनुसारः

१. सूचना, सञ्चार र दूरसञ्चार सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।

२. दूरसञ्चार प्रसारण र फ्रिक्वान्सी बाँडफाँड, शुल्क निर्धारण र नक्साङ्कन, प्रयोग अनुमति, नवीकरण र नियमन

३. सूचना र सञ्चार प्रविधि सम्वन्धी अध्ययन, अनुसन्धान, प्रवर्द्धन र नियमन

४. भू-उपग्रहको स्थापना, सञ्चालन तथा उपयोग

५. माइक्रोवेभ प्रणाली विस्तार, ब्यान्डविथको अन्तराष्ट्रिय कनेक्टिभिटी र रेडियोयन्त्र प्रयोग

६. रेडियो, टेलिभिजन, छापासञ्चार र समाचार सम्वन्धी नीति, कानून र मापदण्ड

७. राष्ट्रिय स्तरका रेडियो, टेलिभिजन, प्रसारण संस्था र बहुवितरण प्रसारण प्रणालीको अनुमति, नवीकरण र नियमन

८. बिदेशी टेलिभिजन च्यानलको डाउनलिङ्क

९. अनलाइन मिडिया सम्वन्धी नीति, कानून र मापदण्ड

१०. श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक सम्वन्धी नीति, कानून र मापदण्ड

११. सार्वजनिक प्रसारण, छापा र प्रसारण संस्थासम्वन्धी नीति कानून र मापदण्ड

१२. स्वदेशी तथा नेपालवाट प्रसारण गरिने विदेशी छापा प्रकाशनसम्वन्धी नीति, कानून र मापदण्ड

१३. राष्ट्रिय विज्ञापन नीति र मापदण्ड

१४. हुलाकसम्वन्धी नीति, कानून, मापदण्ड सञ्चालन र नियमन

१५. हुलाक टिकट प्रकाशन, भण्डारण तथा अभिलेख ब्यवस्थापन

१६. धनादेश सेवा, हुलाक बैंक र अन्तराष्ट्रिय डाँक लेखा ब्यवस्थापन

१७. चलचित्र र सिनेमा हलसम्वन्धी नीति, कानून र मापदण्ड

१८. सुरक्षण मुद्रण

१९. नेपाल राजपत्रको मुद्रण, वितरण तथा अभिलेख

२०. पत्रपत्रिका सम्वन्धी आचारसंहिता

२१. राष्ट्रिय सूचना आयोग

२२. प्रेस काउन्सिल, केन्द्रिय प्रेस रजिष्ट्रार, नेपाल दुरसञ्चार प्राधिकरण र चलचित्र विकास वोर्ड

२३. जनगुनासो ब्यवस्थापन

२४. सृजनशील उद्यम (क्रियटिभ इण्डष्ट्री) सम्वन्धी कार्यहरू

२५. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तराष्ट्रिय सघंसस्थासँग सन्धी/सम्झौता, सम्पर्क र समन्वय

२६. मन्त्रालय सम्वद्ध सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

२७. नेपाल इन्जिनियरिङ्ग सेवाको इलेक्टोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग समूह सञ्चालन

## मन्त्रालयबाट सम्पादन भएका कामको विवरण

- सूचना तथा सञ्चार मन्त्रालय, सूचना तथा प्रसारण विभाग, मुद्रण विभाग र सुरक्षण मुद्रण केन्द्रको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सम्बन्धी कार्य सम्पन्न भएको।

- मिति २०८३/०३/१८ को मन्त्रिपरिषद्को निर्णयानुसार गोरखापत्र संस्थानको महाप्रबन्धकमा श्री हिक्मत बहादुर रावललाई नियुक्ति गरिएको।



- मिति २०८३/०३/१८ को मन्त्रिपरिषद्को निर्णयानुसार सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा श्री देवराज ढुङ्गानालाई नियुक्ति गरिएको।



- मिति २०८३/०३/२४ को मन्त्रिपरिषद्को निर्णयानुसार प्रेस काउन्सिल नेपालको अध्यक्ष पदमा श्री उमेश श्रेष्ठलाई मनोनयन गरिएको।
- मिति २०८३/०३/२४ को मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा श्री अर्जुन घिमिरेलाई नियुक्ति गरिएको।



- मिति २०८३/०३/३२ को मन्त्रीस्तरको निर्णयानुसार नेपाल दूरसञ्चार प्राधिकरणको सदस्य (बजार व्यवस्थापन) पदमा श्री सुजिता श्रेष्ठ, सदस्य (प्राविधिक र प्रशासनिक) पदमा श्री अनन्त प्रकाश मल्लिक, सदस्य (लेखा तथा लेखापरीक्षण) पदमा श्री क्षेत्र गोपाल प्रधान र सदस्य (कानून) पदमा श्री निलम कुमार ओझालाई नियुक्ति गरिएको।
- मिति २०८३/०३/३२ को मन्त्रीस्तरको निर्णयानुसार सार्वजनिक सेवा प्रसारण नेपालको सञ्चालक समितिको सदस्य पदमा श्री उर्वशी बस्न्यात र श्री शोबिता रिसालाई नियुक्ति गरिएको।
- मिति २०८३।०२।२० गते विषयगत समितिको बैठक सम्पन्न ।



संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको सूचना तथा सञ्चार क्षेत्र सम्बद्ध समस्या तथा समाधानको उपायका लागि माननीय सूचना तथा सञ्चार मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा प्रदेश तहका सूचना तथा सञ्चार हेर्ने प्रदेशका माननीय मन्त्रीहरू लगायत स्थानीय तहका प्रतिनिधिसमेतको उपस्थितिमा विषयगत समितिको बैठक २०८३।०२।२० गते सम्पन्न भएको।

- राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकार सम्मान कार्यक्रम सम्पन्न ।



सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा राष्ट्रिय पत्रकारिता दिवस २०८३ उपलक्ष्यमा वरिष्ठ पत्रकारलाई सम्मान तथा पत्रकारहरूलाई राष्ट्रिय पत्रकारिता पुरस्कार प्रदान गरियो। सो समारोहमा माननीय सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिना सहित मन्त्रालयका विशिष्ट पदाधिकारी तथा विशिष्ट पाहुनाहरुको उपस्थिति थियो।

- गणतन्त्र दिवस प्रचार प्रसार उपसमितिको वैठक वसी वैठकवाट भएका निर्णय कार्यान्वयन गरिएको।
- लोक कल्याणकारी विज्ञापन /सूचनाको हक कार्यान्वयन सम्वन्धी अनुगमन गरी मन्त्रालयलाई प्रतिवेदन बुझाइएको।
- आर्थिक बर्ष २०८२/८३ का लागि सूचना तथा सञ्चार मन्त्रालयबाट बिनियोजन भएको बजेटबाट आमसञ्चार/सञ्चार क्षेत्रसँग सम्वन्धीत सघ/संस्थालाई अनुदान वितरण गरिएको।

| सि.नं. | अनुदान प्राप्त गर्ने संस्थाको नाम |
|---|---|
| १ | सूचना हकका लागि राष्ट्रिय महासंघ, काठमाडौं |
| २ | एफएमडिसी, विकास र सामाजिक परिवर्तनका लागि सञ्चार |
| ३ | फ्रिडम फोरम |
| ४ | ग्रामिण सामुदायिक विकास परिषद |
| ५ | क्रियाशील पत्रकार महिला |
| ६ | राष्ट्रिय फोटो पत्रकार समूह नेपाल |
| ७ | विकासका लागि सूचना तथा सञ्चार अभियान (इम्मोड)नेपाल |
| ८ | सम्पादक समाज नेपाल |
| ९ | नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी |
| १० | फोटो पत्रकार क्लव नेपाल |
| ११ | नेपाल फोटो पत्रकार महासंघ |
| १२ | नेपाल पत्रकार महासंघ |
| १३ | राष्ट्रिय अपाङ्ग पत्रकार संघ नेपाल |
| १४ | सञ्चारिका समूह |
| १५ | नेपाल प्रेस इन्स्टिच्यूट |
| १६ | पशचिम नेपाल मिडिया अभियान |

| | |
|---|---|
| १७ | नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) |
| १८ | चलचित्र पत्रकार संघ नेपाल |
| १९ | अनलाइन संघ नेपाल |
| २० | एकता फाउण्डेसन नेपाल |
| २१ | रेडियो सगरमाथा |
| २२ | विपद पत्रकारिता सञ्जाल |

- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको सूचना तथा सञ्चार क्षेत्र सम्बद्ध समस्या तथा समाधानको उपायका लागि माननीय मन्त्रीको अध्यक्षतामा प्रदेश तहका सूचना तथा सञ्चार हेर्ने प्रदेश मन्त्रीहरू लगायत स्थानीय तहका प्रतिनिधिसमेतको उपस्थितिमा विषयगत समितिको बैठक २०८३।०२।२० गते बसी विभिन्न निर्णयहरू भएको।



- गोरखापत्र प्रकाशनको १२६औं वर्ष प्रवेश




सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिनाले सार्वजनिक संस्थानहरूको सुधार र पुनर्संरचना गर्न अपरिहार्य रहेको बताउनुभएको छ । गोरखापत्र प्रकाशनको १२६औं वर्ष प्रवेशका अवसरमा आयोजित कार्यक्रममा समयानुकूल ढंगले

सार्वजनिक संस्थानलाई अघि बढाउन सरकारले आन्तरिक गृहकार्य गरिरहेको, संस्थानको हितलाई केन्द्रमा राखेर कर्मचारीले पनि थप जिम्मेवारी र उत्तरदायित्वका साथ काम गर्नुपर्ने वेला आएको कुरामा माननीय मन्त्रीज्यूले जोड दिनुभयो ।

## शिष्टाचार भेटवार्ता

- सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना तथा नेपालका लागि जापानका राजदूत H.E. Mr. MAEDA Toru र नेपालका लागि जनवादी गणतन्त्र चीनका राजदूत H.E. Mr. Zhang Maoming बीच छुट्टाछुट्टै अवसरमा मिति २०८३ वैशाख १४ गते शिष्टाचार भेटवार्ता भयो। त्यसैगरी मिति २०८३ वैशाख १४ गते संयुक्त राज्य अमेरिकाका सार्वजनिक कूटनीति सम्बन्धी उपविदेश मन्त्री Ms. Sarah B. Rogers ले, मिति २०८३ जेठ २२ गते संयुक्त राष्ट्रसंघका पदाधिकारीहरुले र मिति २०८३ असार १७ अष्ट्रेलियाका राजदूत साइमन अन्स्टले मन्त्रालयमा शिष्टाचार भेट गर्नुभयो।



## दूरसञ्चार क्षेत्रमा भएको प्रगती

- दूरसञ्चार ऐन, २०५३ को दफा ४९ बमोजिम गठित "रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समिति" को २०८२/८३ ३१ औं बैठक बसी निम्न महत्वपूर्ण निर्णय
- "रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको वैठक संचालन कार्यविधि, २०८२" स्वीकृत
- नविनतम प्रविधि ५G को लागि ३७०० मेगाहर्ज व्याण्डमा स्पेक्ट्रम एलोकेशन र आधार मूल्य तोकेको
- ४G LTE सेवाको गुणस्तर तथा क्षमता अभिवृद्धी गर्नको लागि ८०० मेगाहर्ज फ्रिक्वेन्सी व्याण्डमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)लाई थप २x ५मेगाहर्ज फ्रिक्वेन्सी व्याण्ड अस्थायी रुपमा २०८३ असार मसान्तसम्म उपलब्ध गराएको|

- ४G LTE सेवाको गुणस्तर तथा क्षमता अभिवृद्धी गर्नको लागि ८०० मेगाहर्ज फ्रिक्वेन्सी ब्याण्डमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) लाई उपलब्ध गराइएको थप २ x ५ मेगाहर्ज फ्रिक्वेन्सी ब्याण्ड २०८३ कार्तिक मसान्तसम्म निरन्तरता दिने निर्णय भएको ।

| क्र.सं. | नीतिको खण्ड | हालको व्यवस्था | परिमार्जन गर्नु पर्ने प्रस्ताव | परिमार्जन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १. | अनुसूची-१ (दफा ७ को उपदफा ७.१ सँग सम्बन्धित)<br>सेलुलर/मोबाइल सेवामा प्रयोग गर्नका लागि बाँडफाँट गरिएका फ्रिक्वेन्सी ब्याण्डहरु र ब्याण्डविथको सीमा | Satellite Frequency Band(Fixed Satellite Service) को प्रयोगलाई समेत ध्यानमा राखी प्रयोग गर्नु पर्ने (3700 MHz Band सम्बन्धमा ) | तत्कालका लागि मोबाइल सेवाको लागि 3300-3700 MHz र Fixed Satellite Services को लागि 3700-4200 MHz प्रयोग गर्ने । साथै हाललाई प्रति सेवा प्रदायक बढीमा 100 MHz bandwidth मात्र उपलब्ध गराउने । | मोबाइल सेवामा 3700 band प्रयोग गर्दा Fixed Satellite Service को प्रयोगलाई समेतमा ध्यानमा राखी प्रयोग गर्नुपर्ने भन्ने व्यवस्थालाई सम्बोधन गर्न । |
| २. | अनुसूची-५ (दफा ८ को उपदफा ८.१ सँग सम्बन्धित) मोबाइल फ्रिक्वेन्सी बढाबढको लागि तय गरियको आधार मूल्य | छैन (3700 MHz band सम्बन्धमा ) | S. N. \| Frequency Band \| Base Price(Per MHz per year in Million NRs)<br>8. \| 3700 MHz \| 4*<br>* उक्त मूल्य हाललाई 3300-3700 MHz ब्याण्डलाई तोकिएको । | 3700 MHz ब्याण्डको बढाबढको लागि आधार मूल्य तोक्न । |

- WRC -23 बमोजिम रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रमको उपयोगलाई अद्यावधिक गरी तयार गरिएको नेशनल फ्रिक्वेन्सी एलोकेशन प्लान, २०२६ (National Frequency Allocation Plan, 2026) स्वीकृत

## सूचना प्रविधि विभागबाट दृष्टिविहीन प्रयोगकर्तामैत्री वेवसाइटको सुरुवात



- विभागका अनुसार अन्तर्राष्ट्रिय मापदण्ड डब्ल्युसीएजी (WCAG) अनुसार विकास गरिएका यी वेबसाइटहरूमा अब किबोर्डको प्रयोगबाट मात्र पनि सहज सञ्चालन गर्न सकिने भएको छ। सरकारी वेबसाइटमा स्किप नेभिगेसन लिङ्कको व्यवस्थाले किबोर्ड तथा स्क्रिन रिडर प्रयोगकर्तालाई सिधै मुख्य विषयवस्तुमा पुग्न सहयोग पुर्याउँछ भने महत्वपूर्ण तस्बीर, लोगो तथा सेवासम्बन्धी सामग्रीमा रहेको अल्ट टेक्स्टले दृष्टिविहीन प्रयोगकर्तालाई सामग्री बुझ्न अत्यन्त सहज बनाएको छ ।

# हुलाक सेवा विभागको प्रगती विवरण















## E-commerce सम्बन्धी जनचेतनामूलक कार्यक्रमः

**मिति २०८३/०१/१५ गते रसुवा र मिति २०८३/०२/२९गते लमजुङ जिल्लामा सम्पन्न गरिएको।**

- मिति २०८३/०१/१५ गते हुलाक सेवा विभागको आयोजना र जिल्ला हुलाक कार्यालय,रसुवाको समन्वय तथा सहजीकरणमा जिल्ला प्रशासन कार्यालय, रसुवाको प्रमुख जिल्ला अधिकारी श्री राजेश पन्थीको प्रमुख आतिथ्यतामा हुलाक सेवा विभागका निर्देशक लिलाराज पौडेलज्यूको अध्यक्षतामा हुलाक सेवा र विभिन्न निकायका प्रतिनिधिबीच ई-कमर्श सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको
- हुलाक सेवा विभागले हुलाक सेवा र विद्यमान अवस्था एंव डाँक ढुवानी प्रणाली सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो। जिल्ला हुलाक कार्यलय रसुवाको सम्पूर्ण गतिविधिहरू सम्बन्धी प्रस्तुतीकरण जिल्ला हुलाक कार्यालय रसुवाका निमित्त हुलाक अधिकृत श्री प्रज्वल अधिकारीले गर्नुभएको थियो ।
- अन्तरक्रिया तथा छलफलमा उठेका विषयवस्तुमाथि हुलाक सेवा विभागका निर्देशक श्री लिलाराज पौडेलले प्रष्ट पार्दै कार्यक्रममा उपस्थित सम्पुर्णलाई धन्यवाद ज्ञापन सहित कार्यक्रमको समापन गर्नुभएको थियो।






- नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा हुलाक कार्यालयहरूलाई क्रमशः स्मार्ट हुलाकका रुपमा रुपान्तरण गर्ने नीति अनुसार मिति २०८२/०८/१२ गते मन्त्रायबाट स्मार्ट हुलाक छनोट आधार र मापदण्ड स्वीकृत भएको छ ।
- यस कार्यक्रममा वर्तमान सन्दर्भमा हुलाक सेवाबाट भएको सेवाप्रवाह, सरोकारवालाको भूमिका एवं सरकारको १०० बुँदे सुशासनको मार्गचित्रमा बुँदा नं. २७ बमोजिम हुलाक कार्यालयहरूले गरेका कार्यहरूको समेत जानकारी गराई सरोकारवालाको पृष्ठपोषण समेत लिइएको थियो।












- नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा हुलाक कार्यालयहरूलाई क्रमशः स्मार्ट हुलाकका रुपमा रुपान्तरण गर्ने नीति अनुसार मिति २०८२/०८/१२ गते मन्त्रायबाट स्मार्ट हुलाक छनोट आधार र मापदण्ड स्वीकृत भए बमोजिम देश भरिका हुलाक कार्यालयहरूसँग समन्वय सूचना प्रविधिमा आधारित स्मार्ट हुलाक बनाउन सूचना प्रविधि उपकरण विभिन्न हुलाक कार्यालयहरूमा पठाइएको छ ।

## स्मार्ट हुलाक कार्यक्रमः

**सूचना प्रविधिमा आधारित स्मार्ट हुलाक बनाउन सूचना प्रविधि उपकरण विभिन्न हुलाक कार्यालयहरूमा पठाउदै गरेको तस्विरहरू**






# सूचना तथा प्रसारण विभागको प्रगती विवरण

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | प्रगति विवरण | कैफियत |
|---|---|---|---|
| १. | कर्मचारीको उत्प्रेरणा मनोबल अभिबृद्धिका लागि आध्यात्मिकता र सकारात्मक सोच विकास तालिम | कार्तिक महिनामा सम्पन्न भएको। | |
| २. | पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई अभिप्रेरणा साझेदारी कार्यक्रम (प्रदेश सरकार तथा विभिन्न संघ/संस्थाहरूसँगको सहकार्यमा) | चालू आ.व.मा सञ्चालन गर्ने कार्यक्रम मध्ये बागतमी, गण्डकी र सुदूरपश्चिम प्रदेशमा गरी ३ वटा कार्यक्रम सम्पन्न भएको । | |
| ३. | द्वैमासिक पत्रिका प्रकाशन | साउन-भदौ अंक हरित अर्थतन्त्रसम्बन्धी विषयवस्तु समेटी प्रकाशन भएको।<br>असोज-पुस संयुक्ताङ्क "पर्यटन प्रवर्धन र राष्ट्रिय अर्थतन्त्र" विषयमा प्रकाशन भएको।<br>माघ-वैशाख संयुक्ताङ्क "संग्रहालय" सँग सम्बन्धित विषयवस्तु समेटी प्रकाशन गर्नका लागि तयारी अन्तिम चरणमा पुगेको। | |
| ४. | नेपाल परिचय पुस्तक | सिलबन्दी दरभाउपत्र आह्वान गरी सबैभन्दा बढी रोयल्टी बुझाउने पार्टीसँग प्रकाशनका लागि सम्झौता प्रक्रिया अगाडि बढाइएको। | |
| ५. | पत्रकारिता अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यक्रम | सार्वजनिक सूचना प्रकाशित गरी छात्रवृत्ति कार्यक्रममा सहभागी हुन आह्वान गरिएकोमा प्राप्त निवेदनहरुमध्येबाट तोकिएको मापदण्ड बमोजिम छनौट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको। | |
| ६. | क्यालेन्डर तथा डायरी छपाई | चालू आ.व. २०८२/८३ मा प्रकाशन गर्नुपर्ने २०८३ शालको भित्तेपात्रो तथा डायरी प्रकाशन भएको। | |
| ७. | पत्रकार दुर्घटना बीमा | सार्वजनिक सूचना प्रकाशित गरी प्राप्त हुन आएका निवेदकहरुको पत्रकार दुर्घटना विमा गरिएको। | |
| ८. | पत्रपत्रिकाको अभिलेख व्यवस्थापन | चालू आ.व. मा रहेको पत्रपत्रिका अभिलेख व्यवस्थापनको कार्य सम्पन्न भएको । | |

# चलचित्र विकास वोर्डको प्रगति विवरण

- चलचित्र सम्बन्धी कानूनलाई संशोधन र एकीकरणरण गर्न बनेको विधेयकको मस्यौदा संघीय संसदको प्रतिनिधि सभाको सम्बन्धित समितिमा छलफलको क्रममा रहेको।
- मिति २०८३/०३/०५ मा राष्ट्रपति भवनमा "राष्ट्रिय एवं विशेष चलचित्र पुरस्कार एवं सम्मान समारोह" आयोजना गरी सम्माननीय राष्ट्रपतिज्यूबाट पुरस्कार एवं सम्मान प्रदान गरिएको।
  - १० (दश) वटा विधामा २०८२ सालको राष्ट्रिय चलचित्र पुरस्कार प्रदान गरिएको।
  - एकवटा चलचित्रलाई विशेष चलचित्र पुरस्कार तथा सम्मान प्रदान गरिएको।
- २०८२ सालको चलचित्र दीर्घ साधना सम्मानबाट कलाकार श्री मदनकृष्ण श्रेष्ठलाई रू.३,७५,०००/- (तीन लाख पचहत्तर हजार) नगद राशी, ताम्रपत्र र दोसल्ला सहित सम्मान गरिएको।
- ११ जना चलचित्रकर्मीलाई चलिचत्र क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरुप २०८२ सालको विशेष योगदान सम्मान प्रदान गरिएको।
- विशेष चलचित्र पुरस्कारबाट पुरस्कृत भएको चलचित्र "नाकछोड" लाई अन्तर्राष्ट्रिय रुपमा आयोजना हुने अवार्ड, महोत्सवमा प्रदर्शनका लागि सहभागी हुन अंग्रेजी भाषामा सबटाइटल गर्न रु. २ लाख आर्थक सहयोग प्रदान गरिएको।

## राष्ट्रिय एवं विशेष चलचित्र पुरस्कार एवं सम्मान समारोह

**तस्विरहरू:**






# चलचित्र विकास बोर्डको रजत वर्ष एवं २६ औ वार्षिकोत्सव

चलचित्र विकास बोर्डको रजत वर्ष एवं २६ औ वार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रम गरी सम्पन्न गरियो।

- चलचित्र सम्बन्धी प्राज्ञिक एवं अनुसन्धानमुलक लेख/रचना समावेश गरी "सिनेपाः" पुस्तक प्रकाशन गरी विमोचन गरिएको।
- आ.व.२०८२/८३ मा सम्पादन/कार्यान्वयन भएका महत्वपूर्ण कार्यक्रम एवं गतिविधिहरू समावेश गरी “शब्दचित्रमा चलचित्र विकास बोर्डको गतिविधि” पुस्तक प्रकाशन गरिएको।
- विगत २५ वर्ष भित्र विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गर्ने ५ (पाँच) जना चलचित्रकर्मीलाई सम्मान गरी चलचित्रकर्मीहरूलाई प्रोत्साहित एवं हौसला प्रदान गरिएको।
- राष्टिय चलचित्र पुरस्कार २०८१ र २०८२ का निर्णायक समिति (जुरी) लाई सम्मान गरिएको।
- बोर्डका २ जना कर्मचारीलाई पुरस्कृत गरिएको।
- स्वदेशी चलचित्र व्यापारको वास्तविक अवस्था, यथार्थ तथ्याङ्क र  पारदर्शिताका लागि हालसम्म व्यवसायिक रुपमा सफल ३१ वटा ब्लकबस्टर स्वदेशी चलचित्रहरूको नामावली उदघोष/सार्वजनिक गरिएको।
- रक्तदान कार्यक्रम आयोजना गरिएको।

## बोर्डको रजत वर्ष एवं २६ औ वार्षिकोत्सवका तस्विरहरू:







- नेपाल सरकारको "सगरमाथा वृक्षारोपण अभियान" तथा बोर्डको २६ औं वार्षिकोत्सवको अवसरमा पशुपतिको मृगस्थलीमा २५० वटा विभिन्न विरुवा रोपी वृक्षारोपण गरिएको।
- चलचित्र प्रदर्शनको वास्तविक कारोवारलाई पारदर्शी बनाउन र सरोकारवालासम्म पहुँच पुऱ्याउने हेतुले बक्स अफिस प्रणालीको "बक्स अफिस@सिनेपाः" एप Full Version सञ्चालनमा ल्याईएको।
- नेपालभरका चलचित्रघरहरूमा प्रदर्शन हुने स्वदेशी चलचित्रहरूको टिकट विक्री कारोबारको बक्स अफिस प्रणालीको "सिनेपाः@बक्स अफिस" मा प्राप्त वास्तविक तथ्याङ्क (Real Time Data) को साप्ताहिक विवरण (कलेक्शन) प्रत्येक सोमबार सार्वजनिक गर्ने गरिएको।
- नेपाली चलचित्रको अन्तरार्ष्ट्रिय प्रवर्द्धन एवं प्रोत्साहनका लागि चलचित्र सम्बन्धी अन्तर्राष्ट्रिय महोत्सव/कार्यशालामा सहभागी भएका ५ जना चलचित्रकर्मीहरूलाई प्रोत्साहन स्वरुप सहयोग रकम उपलब्ध गराईएको।
- "समृद्ध चलचित्र जगतको लागि दक्ष चलचित्रकर्मी" "दक्षता अभिबृद्धि वर्ष" को अवसरमा काठमाडौं महानगरपालिका सँगको सहकार्यमा एक महिने फोटो तथा भिडियो पत्रकारिता सम्बन्धी तालिम सम्पन्न भएको। साथै काभ्रेमा ७ दिने अभिनय तालिम/कार्यशाला सञ्चालन गरिएको।


## फोटो पत्रकारिता तालिम कार्यक्रम

**तस्वीरहरूः**









## अन्य गतिविधिः

- मे १२, २०२६ देखि मे २३, २०२६ सम्म फ्रान्समा आयोजना भएको विश्व प्रसिद्ध चलचित्र महोत्सव ७९ औं Cannes Film Festival मा विकास बोर्डको स्टल राखी नेपाली चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन तथा प्रचार प्रसार गरिएको।
- विश्व प्रसिद्ध चलचित्र महोत्सव 79th Cannes Film Festival को "UN CERTAIN REGARD" विधामा जुरी अवार्ड तथा ध्वनी सिर्जनाका लागि Prix de la Meilleur Creation Sonore 2026/Best Sound Creation Award प्राप्त गर्न सफल चलचित्र "ELEPHANTS IN THE FOG " का पुरस्कार विजेता समुहलाई नेपाल सरकारका सूचना तथा सञ्चार मन्त्रीज्यू र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत, बधाई तथा पत्रकार सम्मेलनमा सहभागी हुनुभई प्रोत्साहन एवं हौसला प्रदान गर्नु भएको। साथै, चलचित्र विकास बोर्ड र नेपाल पर्यटन बोर्डले आयोजना गरेको विशेष कार्यक्रममा मन्त्रीद्वय सहभागी हुनुभई नेपाललाई विश्व सामु चिनाउन सफल भएकोमा पुरस्कार विजेता चलचित्रका समुहलाई सम्मान गर्नुका साथै प्रोत्साहन स्वरुप रु. २५०,०००/- (दुई लाख पचास हजार रुपैयाँ) प्रदान गरिएको।

## तस्वीरहरूः









- चीनको ग्वाङजाउ र छाङसामा आयोजित “नेपाल एभरेष्ट फिल्म फेस्टिवल २०२६” मा बोर्डका अध्यक्ष श्री दिनेश डि.सी. सहभागी हुनु भई नेपाली चलचित्रको प्रवर्द्धन गरिएको। यस फेस्टिवलमा चीनमा पहिलो पटक नेपाली चलचित्र चिनियाँ भाषामा सवटाईटल गरी चलचित्र जाँच पश्चात आयोजकबाट छनौट भएका ६ वटा चलचित्र प्रदर्शन भएको।
- नेपाली चलचित्र क्षेत्रमा योगदान पुऱ्याउनु भएका पाँच (५) जना विदेशी नागरिकहरू चलिचत्र निर्देशक श्री तुलसी घिमिरे, नृत्य निर्देशक श्री कमल राई, कलाकार श्री निरुता सिंह, छायाकारद्वय श्री प्रमोद प्रधान र विनोद प्रधानलाई  मानार्थ श्रेणीको चलचित्रकर्मी परिचयपत्र प्रदान गरी पहिलो पटक मानार्थ श्रेणीको परिचयपत्र प्रदान गर्ने कार्यको थालनी गरिएको।
- चलचित्रकर्मी परिचययपत्रका लागि विधागत छनौट भएका ३० वर्ष योगदान पुऱ्याएका ५६ जना चलचित्रकर्मीलाई विशिष्ट श्रेणी, २० वर्ष योगदान पुऱ्याएका ८१ जना चलचित्रकर्मीलाई चलचित्रकर्मी श्रेणी, र राष्ट्रिय चलचित्र पुरस्कारका विभिन्न विधामा पुरस्कृत १५ जना चलचित्रकर्मीहरूलाई विशेष श्रेणीको परिचयपत्र वितरण गरिएको।
- विशिष्ट श्रेणीको परिचयपत्र प्राप्त चलचित्रकर्मीहरूको लागि वार्षिक रू.१,५०,००० सम्मको र चलचित्रकर्मी श्रेणीको परिचयपत्र प्राप्त प्राप्तचलचित्रकर्मीहरूको लागि वार्षिक रू.७५,००० सम्मको औषधोपचार बीमा गरिएको।
- वृत्तचित्र तथा लघु चलचित्र प्रतियोगिता २०८२ मा उत्कृष्ट छनौट भएका प्रथम,द्धितिय र तृतिय ३/३ वटा वृत्तचित्र तथा लघु चलचित्रलाई नगद राशी सहित पुरस्कृत गरिएको।
- मौलिक चलचित्र निर्माणमा प्रोत्साहन कार्यक्रम अन्तर्गत छनौट भई सम्झौता बमोजिम निर्माण सम्पन्न भएका दुई वटा लघु चलचित्रलाई  प्रोत्साहन स्वरुप रु. ४/४ लाख उपलब्ध गराईएको।
- चलचित्र विकास बोर्डको आन्तरिक स्रोत चलचित्र विकास शुल्कको अभिलेखलाई व्यवस्थित गर्न FDF पोर्टल सञ्चालनमा ल्याईएको। उक्त पोर्टल सञ्चालनका लागि कोशी प्रदेशका ३६ वटा र मधेश प्रदेशका २० वटा गरी जम्मा ५६ वटा चलचित्रघरका प्रतिनिधिलाई पोर्टल सञ्चालन सम्बन्धी अभिमुखीकरण/तालिम प्रदान गरिएको।

## कार्यक्रमका तस्वीरहरूः







- मोफसलमा निर्माण भएको मौलिक, सामाजिक, एवं सन्देशमूलक चलचित्रलाई पोष्ट प्रोडक्सन सहयोग कार्यक्रम अर्न्तगत एकवटा चलचित्रलाई प्रोत्साहन सहयोग उपलब्ध गराईएको।
- चलचित्र सम्बन्धी प्रवर्द्धनात्मक तथा छायाङ्कनस्थल सम्बन्धी सात (७) वटा श्रव्यदृश्य सामग्री निर्माण भएको।
- बोर्डको सहकार्यमा ६ वटा सरोकारवाला संघ/संस्थाबाट चलचित्र सम्बन्धी महोत्सव, अवार्ड, कार्यशाला, गोष्ठी लगायतका प्रवर्द्धनात्मक तथा तालिम कार्यक्रम सम्पन्न भएको।


- आदिवासी, जनजाति, मातृभाषी चलचित्रको विकास, विस्तार र प्रवर्द्धन तथा दक्षता अभिवृद्धिका लागि चलचित्र विकास बोर्डको सहयोग/सहकार्यमा १२ वटा जातीय संघ/संस्थाद्धारा कार्यक्रम सम्पन्न भएको।
- "आदिवासी जनजाति चलचित्रको प्रवर्द्धन, मौलिक भाषा संस्कृतिको संरक्षण" नाराका साथ चलचित्र विकास बोर्डको सहकार्यमा (तीन दिने) छैठौं नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव २०८३ सम्पन्न भएको।
- नेपाली चलचित्रका २३ वटा पटकथा (स्क्रिप्ट) संकलन गरिएको। हालसम्म ९५० वटा पटकथा संकलन भएको। संकलित पटकथाहरू मध्ये ४०० वटा पटकथा (स्क्रिप्ट) को पुस्तक तयार गरिएको।
- ऐतिहासिक एवं महत्वपूर्ण नेपाली चलिचत्रका पोष्टरहरू संकलन गरी संग्रहालयमा राख्ने कार्य भईरहेको। हालसम्म १८०० वटा पोष्टर संकलन भएको। संकलित पोष्टरहरूको पुस्तक प्रकाशनको लागि दस्तावेज तयार गरिएको।
- तत्कालिन शाही नेपाल चलचित्र संस्थानबाट निर्मित चलचित्रका रिलहरूको डिजिटाईजेशन गरी आधुनिक प्रविधिमा प्रदर्शनयोग्य बनाई बोर्डको संग्रहालयमा राखिएका १० वटा ऐतिहासिक चलचित्रहरू (कुमारी, सिन्दुर, आमा, बदलिँदो आकाश, के घर के डेरा, शान्तिदिप, जीवनरेखा, मनको बाँध, परिवर्तन, हिजो आज भोलि) को जाँचका लागि केन्द्रीय चलचित्र जाँच समितिमा सिफारिस गरी जाँचपास भएको।
- चलचित्र छायाङ्कन/निर्माणको क्रममा हुनसक्ने जोखिम र भवितव्यलाई मध्यनजर गरी चलचित्र निर्माणमा आवद्ध १६९ जना चलचित्रकर्मीहरूको छायाङ्कन अवधिको दुर्घटना बीमा गरिएको।
- चलचित्रकर्मीहरूको हित र कल्याणका लागि ८ जना चलचित्रकर्मीलाई मासिक वृत्ति प्रदान गर्दै आइरहेको। साथै ७ जना चलचित्रकर्मीलाई औषधी उपचारका लागि सहयोग उपलब्ध गराईएको।

# विज्ञापन बोर्डको प्रगती विवरण


- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा एजेन्सीको विवरणः





- विज्ञापन बोर्डमा नविकरण भएका सञ्चारमाध्यम तथा एजेन्सीको नविकरण विवरणः



- लोककल्याणकारी विज्ञापनका प्रकाशन तथा प्रसारण गर्न स्वीकृत सञ्चारमाध्यमको विवरण:




- विज्ञापन बोर्डमा प्राप्त उजुरी तथा फछ्र्यौटको विवरण:



# विज्ञापन सामग्री प्रसारण अनुमति

| प्रमाण पत्र नं. | अनुमतिपत्र मिति | अनुमतिपत्र पाउने व्यक्ति/संस्थाको नाम | विज्ञापन गरिने वस्तु/सेवा उत्पादन कम्पनिको नाम | विज्ञापन गरिने वस्तु वा सेवाको नाम | विज्ञापन को प्रकार |
|---|---|---|---|---|---|
| १ | २०८२।०४।०८ | आउटरिच नेपाल प्रा.लि. | युनिलिभर नेपाल लि. | Clear Men | TVCs |
| २ | २०८२।०४।२० | आउटरिच नेपाल प्रा.लि. | युनिलिभर नेपाल लि. | Clear Ginger Women | TVCs |
| ३ | २०८२।०५।०१ | आउटरिच नेपाल प्रा.लि. | युनिलिभर नेपाल लि. | Lux Body Wash | TVCs |
| ४ | २०८२।०५।०४ | ब्लिज मिडिया प्रा.लि. | सूर्य नेपाल भेन्चर्स प्रा.लि. | Mangaldeep Pooja Dhoop | TVCs |
| ५ | २०८२।०५।१२ | आउटरिच नेपाल प्रा.लि. | यूनिलिभर नेपाल लि. | Clear Haaland | TVCs |
| ६ | २०८२।०६।०५ | म्याक्स मिडिया प्रा.लि. | सामसुङ्ग इण्डिया इलेक्ट्रोनिक्स प्रा.लि. | Samsung Consumer Electronics Dashain TVC | TVCs |
| ७ | २०८२।०६।०५ | म्याक्स मिडिया प्रा.लि. | सामसुङ्ग इण्डिया इलेक्ट्रोनिक्स प्रा.लि. | Samsung Mobile TVC | TVCs |
| ८ | २०८२।०६।०८ | म्याक्स मिडिया प्रा.लि. | सामसुङ्ग इण्डिया इलेक्ट्रोनिक्स प्रा.लि | Samsung Mobile A17 | TVCs |
| ९ | २०८२।०६।२३ | आउटरिच नेपाल प्रा.लि. | प्राइम सिरामिक्स प्रा.लि. | Prime Tiles | TVCs |
| १० | २०८२।०६।३१ | म्याक्स मिडिया प्रा.लि. | सामसुङ्ग इण्डिया इलेक्ट्रोनिक्स प्रा.लि | Samsung Tihar | TVCs |
| ११ | २०८२।०७।०२ | आउटरिच नेपाल प्रा.लि. | एभरेष्ट फुड प्रोडक्ट्स प्रा.लि. | Everest Masala | TVCs |
| १२ | २०८२।०७।१६ | ब्युजनेश एडभान्टेज प्रा.लि. | सूर्य नेपाल प्रा.लि. | Sunfeast Dark Fantasy Choco Fills | TVCs |
| १३ | २०८२।०८।०३ | आउटरिच नेपाल प्रा.लि. | युनिलिभर नेपाल लि. | Dove Shampoo | TVCs |
| १४ | २०८२।०८।०९ | आउट रिच नेपाल प्रा.लि. | एशियन पेन्टस् नेपाल | Ultima Protek Shyne | TVCs |
| १५ | २०८२।०९।०२ | म्याक्स मिडिया प्रा.लि. | सामसुङ्ग इण्डिया इलेक्ट्रोनिक्स प्रा.लि | Samsung Galaxy A17 | TVCs |
| १६ | २०८२।०९।३० | सेलियो डिजिटल प्रा.लि. | पठाओ नेपाल प्रा.लि. | Pathao Ride | TVCs |
| १७ | २०८२।१०।२८ | क्रियो कम्युनिकेसन प्रा.लि. | RSH Global Pvt. Ltd. | Joy Papaya Sunscreen | TVCs |
| १८ | २०८२।११।०५ | म्याक्स मिडिया प्रा.लि. | सामसुङ्ग इण्डिया इलेक्ट्रोनिक्स प्रा.लि | Samsung Multi - Buy, Happy - Buy | TVCs |
| १९ | २०८२।११।२७ | क्रियो कम्युनिकेसन प्रा.लि. | RSH Global Pvt. Ltd. | Joy Papaya Facewash | TVCs |
| २० | २०८२।१२।०६ | म्याक्स मिडिया प्रा.लि. | हिमालय वेलनेस कम्पनी | Himalaya Hydrating Aloe Vera Facewash | TVCs |
| २१ | २०८२।१२।०६ | म्याक्स मिडिया प्रा.लि. | हिमालय वेलनेस कम्पनी | Himalaya Purifying Neem Facewash | TVCs |
| २३ | २०८३।०१।२८ | आउटरिच नेपाल प्रा.लि. | एशियन पेन्ट्स नेपाल | Royale Paints | TVCs |
| २४ | २०८३।०२।११ | आउटरिच नेपाल प्रा.लि. | युनिलिभर नेपाल लि. | Vaseline | TVCs |
| २५ | २०८३।०२।११ | आउटरिच नेपाल प्रा.लि. | युनिलिभर नेपाल लि. | Ponds Hydra Miracle Facewash | TVCs |
| २६ | २०८३।०२।१२ | आउटरिच नेपाल प्रा.लि. | युनिलिभर नेपाल लि. | Clear Men FIFA Shampoo | TVCs |
| २७ | २०८३।०३।१२ | आउटरिच नेपाल प्रा.लि. | युनिलिभर नेपाल लि. | Clear Head Shampoo | TVCs |

# राष्ट्रिय समाचार समितिको प्रगती विवरण

- नेपाली लगायत विभिन्न भाषामा वैशाख देखि असारसम्म समाचार,खोजमुलक समाचार,अन्तराष्ट्रिय समाचार गरी जम्मा ५३२९४ समाचार प्रसारण गरिएको ।
- नेपाल सरकार(मन्त्रीस्तर) मिति २०८३/१/२ को निर्णयानुसारमन्त्रालयका सह-सचिव श्री उदयवहादुर रानामगरलाई राष्ट्रिय समाचार समिति सञ्चालक समिति वोर्डको अध्यक्षको जिम्मेवारी तोकिएकोले सोही अनुसार कार्यसम्पादन हुदै आएको।
- नेपाल सरकारको सहयोगमा रु ५ करोड ५० लाख ६० हजार लागतको रासस भरतपुरस्थित तालीम केन्देरको निर्माण कार्य सम्पन्न भएको मिति २०८३वैशाख १५ गते राससलाई भवन हस्तान्तरण भएको ।
- रासस कर्मचारी सेवा, शर्त वविनयमावली,२०८२लाई समयसापेक्ष वनाउन आवश्यक परिमार्जन तथा संसोधनको कार्य अगाडि वढाइएको ।
- सूचना प्रविधिको विकास,श्रब्यदृष्य समाचार सेवाको विस्तार तथा राससको सेवा प्रभावकारीलाई ध्यानमा राखी समयसापेक्ष संगठन तथा ब्यवस्थापन( O&M) संरचना तयार गर्ने कार्य अगाडी वढाइएको ।
- दैनिक ज्यालादारी र करारमा कर्मचारी पदपुर्ति सम्वन्धी कार्यविधि २०८३ लागु भएको ।
- स्थानीय समाचारदाता नियुक्ति कार्यविधि,२०६१ वमोजिम ७७ वटै जिल्लामा कम्तिमा एक जना तथा प्रत्येक प्रदेश राजधानीमा दुई जनाका दरले स्ट्रिल तथा फोटोपत्रकार नियुक्तिका लागि प्रकृया अगाडी वढाइएको ।
- रासस सेवा सञ्चाललाई थप मितब्ययी तथा प्रभावकारी वनाउने उद्येश्यले आगामी आ.व.देखि हाल सुविसु इन्टरनेट सेवा प्रदायकवाट लिईदै आएको इन्टरनेट सेवा नेपाल टेलिकमवाट लिने ब्यवस्थाका लागि आवश्यक प्रकृया अगाडी वढाइ सम्वन्धित निकायसंग आवश्यक समन्वय तथा सहजिकरण भईरहेको ।